# पाठ - 11
# ओहदको युद्ध

# الدرس الحادي عشر - نيبالي
# معركة أحد

बद्रको युद्धको एक बर्ष पछि मुस्लिम र काफिरहरुको बीच ओहदको युद्ध भयो, बद्रको युद्धमा प्राजित भएको नासतिकहरुले मुस्लिमहरु सँग बदला लिन खोज्नु भयो, र यसका लागि तीन हजार लडाकु सैनिक लिएर आउनु भयो, र मुस्लिमहरुले सात सय सैनिकका साथ उनीहरुको मुकाबला गर्नु भयो, शुरुको अवस्थामा मुस्लिमहरु विज्यी हुनु भयो, र नासतिकहरु प्राजित भएर मक्का तिर भागन थाले, तर जब धनुष बाड़का साथ पहाडमा नियुक्त भएको व्यक्तिहरुले रसूल ﷺ को योजनालाई भँग गरि पहाडबाट उतरेर शत्रुको माल जम्मा गर्नमा व्यसत हुनु भयो त नासतिकहरुले फेरि वापस भएर पहाडको तर्फबाट मुस्लिमहरु माथि आक्रमण गर्नु भयो, र यस प्रकार नासतिकहरुको पलडा भारि भयो ।

**खन्दकको युद्ध :** ओहदको युद्ध पछि यहुदको केहि व्यक्तिहरुले मक्का जानु भयो, र मदीना भित्र मुस्लिमहरु माथि आक्रमण गर्ने सल्लाह दिनु भयो, र मद्दतको आसवासन पनि दिनु भयो, मक्कावासीहरुले उनीहरुको कुरा मानि सके, त्यस पछि यहुदीहरुले अरु कुलहरुलाई पनि मुस्लिमहरु माथि आक्रमण गर्ने कर्ममा प्रेरित गर्नु भयो, र उनीहरुले पनि सहमति व्यक्त गर्नु भयो, र यस प्रकार हरेक ठाउँबाट नासतिकहरु मदीना आउन थाले, यहाँ सम्म कि दस हजार लडाकु सैनिकहरु मदीनाको वरिपरि सँगठित भइहाले ।

नबी ﷺ लाई दुशमन्‌को कृयाकलापको जानकारी भइसकेको थियो, तसर्थ उहाँले आफ्नो साथीहरु सँग सल्लाह लिनु भयो, हजरत सलमान अलफारसी ﷻ ले मदीनाको वरिपरि जुन् दिषामा पहाड छैन त्यो दिषामा खन्दक (गहिरो खाल्टो) खन्ने सल्लाह दिनु भयो, र सबै मुस्लिमहरुले खन्दक खन्ने कर्ममा भाग लिनु भयो, र छिटै काम समाप्त भइहाल्यो, नासतिकहरु एक महिना सम्म मदीना बाहिर टेन्ट लगाएर बस्नु भयो, तर खन्दक पार गर्ने योग्य भएनन्, त्यस पछि अल्लाह तआलाले उनीहरु माथि यस्तो आँधिबेहरी पठायो कि सबै टेन्टलाई उखेलिन लागे, र यस प्रकार उनीहरुले भयभित भएर छिटै आफ्नो आफ्नो घर तिर फर्किहाले, र अल्लाहले एक्लै सबै समुहलाई प्राजित गरि मुस्लिमहरुको मद्दत गर्नु भयो ।

**मक्का विज्यी :** हिजरतको आठौं सालमा रसूल ﷺ ले मक्का माथि आक्रमण गरि त्यसलाई विज्य गर्ने कुरा ठान्नु भयो, र त्यसका लागि दसौं रमजानमा १०००० लडाकु सैनिकका साथ मदीनाबाट निस्कनु भयो, र बिना युद्ध कै मक्कामा प्रवेश गर्नु भयो, किन भने कुरैशले आफै आत्मसम्रपण गर्नु भयो, र यस प्रकार अल्लाहले मुस्लिमहरुको मद्दत गर्नु भयो, नबी ﷺ मस्जिदे हराममा गएर काबाको तवाफ गर्नु भयो, र भित्रमा दुइ रकअत नमाज पढनु भयो, र त्यस पछि काबा भित्र र माथि स्थापित सबै मुर्तीहरुलाई ध्वसत पारेर काबाको ढोकामा उभिनु भयो, कुरैश ढोका भन्दा नजिकै तल उहाँले के गर्छन भने कुराको प्रतिक्षा गरिरहेका थिए, नबी ﷺ ले भन्नु भयो «हे कुरैशको समुह ! तिमीहरुको के बिचार छ? म तिमीहरु सँग के गर्छु?» सबैले भन्नु भयो तपाई राम्रै नै गर्ने छौं तपाई दयालु भाइ हौं र दयालु भाइको छोरा हौं, त उहाँले भन्नु भयो «जाउ, आज तिमी सबै आजाद छौं»

र यस प्रकार रसूल ﷺ ले दुशमन्‌हरुलाई माफ गरेर ठुलो उदाहरण पेश गर्नु भयो, यस्ता दुशमन्‌हरुलाई जसले उहाँको साथीहरुलाई दुखः र सजाय दिएका थिए र संवय उहाँलाई आफ्नो शहरबाट बाहिर निकालेका थिए ।

मक्का विज्य भए पछि मानिसहरु समुहका समुह अल्लाहको धर्ममा प्रवेश गर्न थाले, हिजरतको दसौं सालमा रसूल ﷺ हज गर्नु भयो, उहाँले मात्र एउटा येही हज गर्नु भयो, र साथमा एक लाख भन्दा अधिक मानिसहरु हज गर्नु भयो, र हज पछि रसूल ﷺ फेरि मदीना वापस आउनु भयो ।